विदुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

(छैठौं पटक प्रकाशित मिति २०८१/१०/१०)
**(E-biding only)**

**आ.व. २०८१/०८२ को लागि ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, स्लेट, खरिढुंगा आदि प्राकृतिक एवं नदीजन्य वस्तुको उत्खनन्, संकलन, आन्तरिक बिक्री निकासी कर, दस्तुर उठाउने ठेक्का वन्दोवस्तीको लागि बोलपत्र आव्हान सम्बन्धी १५ दिने सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावली, ढुंगा गिट्टि तथा वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७ मा भएको व्यवस्था वमोजिम बोलपत्र कागजातमा तोकिएको स्थान र परिमाणभित्र रही नगर पालिकाभित्र रहेका नदि, खोला, क्रसर र वालुवा प्रशोधन उद्योगबाट उत्पादन हुने सबै किसिमका ढुंगा, गिट्टी, प्रशोधित तथा अप्रशोधित बालुवा, ग्राभेल, दहत्तर, वहत्तर, नदिजन्य र निर्माणजन्य सामग्रीको आर्थिक वर्ष २०८१/२०८२ को बाँकी समय अवधिको लागि स्थानीय कर संकलन गर्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, वा कम्पनीहरुले तपसिल बमोजिमका ठेक्काहरुमा उल्लिखित शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| ठेक्का नं. | विवरण शिर्षक | बाँकी अवधिको उत्खनन योग्य परिमाण (घ.फि) | दर प्रति घ.फि. (रु.) | कुल न्यूनतम कबोल अंक (भ्याट बाहेक) रु. | धरौटी रकम | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| BM/NCB/ Revenue/01-Group-A 2081-082 | १) विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको त्रिशुली नदी त्रिशुली बजार पुरानो पुलदेखि माथि वेत्रावती फलाखु दोभानसम्म र गेर्खु खोला तथा अन्य आसपासका क्षेत्रभित्र संकलन र विक्रि हुने ढुंगा, गिट्टि,काठ, वालुवा, ग्रावेल, स्लेट ढुंगा, माटो, आदि नदीजन्य र व्यावसायिक प्रयोजनका लागि व्यक्तिले आफ्नो स्वामित्वको जग्गा खार्न/सम्याउन नगरपालिकाबाट अनुमति लिएको अवस्थामा सो स्थानबाट निस्कने निर्माणजन्य सामग्रीको कर संकलन, कर असुल गर्ने | ७,३९,१८० | ७ | ५१,७४,२६०.०० | कवोल अंकको ५ प्रतिशत | ३०००/ |
| BM/NCB/ Revenue/01-Group-B 2081-082 | २) विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको त्रिशुली नदी त्रिशुली बजार पुरानो पुलदेखि तल मौरीटार बगरसम्मका क्षेत्रहरु र सामरी खोला तथा अन्य आसपासका क्षेत्रभित्र संकलन र विक्रि हुने ढुंगा, गिट्टि, काठ, बालुवा, ग्रावेल, स्लेट ढुंगा, माटो, आदि नदीजन्य र व्यावसायिक प्रयोजनका लागि व्यक्तिले आफ्नो स्वामित्वको जग्गा खार्न/सम्याउन नगरपालिकाबाट अनुमति लिएको अवस्थामा सो स्थानबाट निस्कने निर्माणजन्य सामग्रीको कर संकलन, कर असुल गर्ने | ६,०५,२४९ | ७ | ४२,३६,७४३.०० | कवोल अंकको ५ प्रतिशत | ३०००/ |
| BM/NCB/ Revenue/01-Group D 2081-082 | ३) विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको फलाखु, सलाखु, खोलाहरु तथा अन्य आसपासका क्षेत्रभित्रबाट संकलन र विक्री हुने ढुंगा, गिट्टि, इट्टा,काठ, बालुवा, ग्रावेल, स्लेट नदीजन्य पदार्थहरु र व्यावसायिक प्रयोजनका लागि व्यक्तिले आफ्नो स्वामित्वको जग्गा खार्न/सम्याउन नगरपालिकाबाट अनुमति लिएको अवस्थामा सो स्थानबाट निस्कने निर्माणजन्य सामग्रीको कर संकलन, कर असुल गर्ने । | ५,३८,१२४ | ७ | ३७,६६,८६८.०० | कवोल अंकको ५ प्रतिशत | ३०००/ |

सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| ठेक्का नं. | विवरण शिर्षक | बाँकी अविघको उत्खनन योग्य परिमाण (घ.फि) | दर प्रति घ.फि. (रु.) | कुल न्यूनतम कबोल अंक (भ्याट बाहेक) रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| | | जम्मा | | १,३१,७७,८७१.०० | |

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरु र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्ब प्रमाणित प्रतिलिपी समेत र बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगद तिरेको रसिद वा राजश्व बैंक दा फारमसाथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२ बजेभित्र बि माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब www.bolpatra.gov.n/egp बाट बोलपत्र सम्बन्धि कागजातहरु अपलोड गनुपर्नेछ । बोलपत्र सूचना र का नगरपालिकाको वेबसाइट www.bidurmun.gov.np बाट पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । स्थानीय तहको र दाखिला फारम (Deposit Slip) सम्बन्धी विवरण तपसिल अनुसार रहेको छ ।

राजश्व खाता भएको बैंकको नामः **नेपाल बैंक लिमिटेड, त्रिशुली शाखा**

स्थानीय तहको नाम ठेगानाः **विदुर नगरपालिका, विदुर, नुवाकोट**

राजश्व खाता नंः ०२६०३०००००१००१००००४

राजश्व शिर्षक नंः १४२२९

२. तोकिएको बोलपत्र दस्तुर यस कार्यालयमा नगद तिरेको रसिद वा यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा का त्रिशुलीमा रहेको राजश्व शिर्षक नं १४२२९ आन्तरिक खाता नं. ०२६०३०००००१००१००००४ मा ( नहुनेगरी) जम्मा गरेको भौचरलाई बोलपत्र सम्वन्धि कागजातसाथ संलग्न गर्नु पर्नेछ ।

३. बोलपत्र सम्वन्धि फारम भर्दा कवोल रकम अंकमा र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

४. आँफूले कवोल गरेको अंक को ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि. कार्यालय त्रिशुलीमा रहेको धरौटी खाता नं. ०२६०३००००३००००००००४ मा जम्मा गरी सोको सक्कल भौच नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र नं. र का विवरण उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनको म्याद भएको विडवण्ड बो कागजातसाथ पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले बोलपत्र कागजातको प्रत्येक पानामा सही छाप गर्नुपर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट पेश गर्न पाइने छैन ।

७. रितपुर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २ बजे नगरपालिकाको कार्यालयमा खोलि । बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

८. प्रि-विड बैठक यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनमा दिनको १२:०० वजे विदुर नगरपालिकाको कार्याल हुनेछ । इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिन सक्नु हनेछ। कार्यालयको राजस्व शाखाबाट यस सम विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ ।

९. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्वन्धि फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत ग यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बो स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

११. बोलपत्रदाताले एकमुष्ट कवोल अंकको रकम बुझाउन पर्नेछ । यदि बोलपत्रदाताले किस्ताबन्दीमा रकम बुझाउन चाहेमा प्रथम किस्ता बापत कबोल अंकको कम्तीमा ५० प्रतिशत रकम र मु.अ.कर समेत सम्झौता गर्दाको बखत अनिवार्य बुझाउनु पर्नेछ । बाँकी ५० प्रतिशत रकमको हकमा (मु.अ.क. समेत) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको २०८२ श्रावण मसान्तसम्म अवधि भएको बैक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । उक्त बाँकी ५० प्रतिशत रकम बैशाख मसान्तसम्ममा बुझाउनु पर्नेछ । करमा कुनै पनि छुट सुविधा हुनेछैन ।

१२. नियमानुसार नेपाल सरकारलाई वुझाउन पर्ने आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै वुझाउन पर्नेछ ।

१३. नियमानुसार तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी कानून बमोजिम प्रक्रिया अगाडि बढाइनेछ ।

१४. उठाइने करका दरहरु बोलपत्र फारमसाथ उपलब्ध गराइनेछ ।

१५. यो सूचना आर्थिक वर्ष ०८१/०८२ बाँकी अवधिको लागि मात्र हुनेछ । कुनै पनि परिस्थितीजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१६. विदुर नगरपालिका र बोलपत्रदाताबिचमा क्षेत्राधिकारका विषयमा विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ । आपसी समझदारीमा समाधान नभएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१७. नगरपालिका र बोलपत्रदाताबीच सम्झौता भएको मितिदेखि सम्झौता कार्यान्वयन भएको मानिनेछ ।

१८. बोलपत्रदाताले आर्थिक प्रस्ताव गर्दा नदीजन्य पदार्थको समूह अनुसार अलग अलग मूल्य राखी बोलपत्र पेश गर्नु पर्नेछ । साथै एउटा बोलपत्रदाताले एउटा समूह वा सो भन्दा बढी समूहमा बोत्रपत्र पेश गर्न सकिनेछ र बोलपत्र दस्तुर, विड वण्ड तथा धरौटी रकम समूह अनुसारको छुट्टा छुट्टै हुनेछ । साथै प्रत्येक समूहको अलग अलग मूल्यांकन गरिनेछ ।

१९. यस नगरपालिकाका नदिहरुको उत्खनन् क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै नदि तथा खोलाहरुमा यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन बोलपत्र फाराममा भएका विषयहरु यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

२०. यस सूचना र बोलपत्र कागजातमा उल्लेख भएका विषय यसै सूचना र बोलपत्र कागजात बमोजिम हुने र उल्लेख नभएका विषयहरु प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम हुनेछ ।

२०८१।१०।०९

प्रमुख प्रशासकीय अधिकृत

विदुर नगरपालिका

सुभाकर पौडेल

प्रमुख प्रशासकीय अधिकृत